आज मिति २०७७/०१/१५ गतेका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | विरेन्द्रदेव भारती | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १. | अग्नी प्रसाद आचार्य | अधिकृत | |
| २. | राजेन्द्र टमटा | का. स. | |
| ३. | हेमराज खत्री | का. स. | |

प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं.०१ मा छलफल गर्दा **कोरोना भाइरस (कोभिड-१९) संक्रमणको** संभावित जोखिम रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको पहिलो, दोस्रो र तेस्रो चरणको लकडाउनका कारणले दैनिक जिवन निर्वाह गर्न समस्यामा परेका मजदुर, श्रमिक, विपन्न वर्ग, विधार्थी लगायत नेपाल सरकारले निर्धारण गरेका नागरिकहरुको लागि वडागत रुपमा प्राप्त हुने घरधुरी र जनसंख्यालाई राहात वितरण गर्नका लागि तपसिल वमोजिमको मापदण्ड निर्धारण गरी सो मापदण्ड भित्र पर्ने घरधुरी र जनसंख्यालाई "**कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि,** २०७७"मा उल्लेख भए वमोजिमको राहत वितरण गर्न सम्बन्धित वडा कार्यालयहरुलाई पेश्कि रकम निकासा दिने निर्णय गरियो ।

तपसिल :

१. वडामा बसोबास गर्ने परिवारका कुनै सदस्यले नेपाल सरकारको कुनै पनि सेवामा कार्यरत रही तोकिएको मासिक सुबिधा लिने, नेपाल सरकार तथा अन्य विदेशी सरकारको सेवा निवृत भई पेन्सन लिने व्यक्तिको परिवारलाई राहात सुविधा अनिवार्य हटाउने ।

२. नेपाल भित्र नीजि विद्यालय, गैर सरकारी संघ संस्थामा कार्यरत रही मासिक तलब सुबिधा लिने, प्राइभेट बैंक, वित्तिय संस्था, सहकारी संस्थाहरुमा कार्यरत रही निश्चित मासिक सेवा सुविधा लिने व्यक्तिको परिवारलाई पनि राहतको सुविधावाट हटाउने ।

३. कम्तीमा आर.सि.सि.ढलान भएको ४ कोठे घर वा ५ कट्ठा भन्दा बढि ऐलानी प्रति वा नम्बरी जमिन भएको परिवारलाई राहतको सुविधावाट हटाउने ।

४. आफ्नो होटेल, पसल र आय-आर्जन गर्न मिल्ने मेशिनरी औजार ( ट्याक्टर, थ्रेसर मेसिन, कुटानी पिसानी र तेल मिल, मिक्सचर मेसिन, बस, कार तथा सवारी जिप) भएको परिवारलाई राहत सुविधावाट हटाउने ।

५. राहत वितरणगर्दा वडा कार्यालयले संचालन गर्ने विकास निर्माणका कामहरुमा ५ जना परिवार सम्म परिवार संख्या भएको परिवारले कम्तीमा एक(१)जनाले १ दिन, ५ भन्दा माथि १० जना सम्म परिवार संख्या भएको परिवारले कम्तीमा एक (१)जनाले २ दिन वा दुईजनाले १ दिन र सो भन्दा वढि भएमा एक (१) जनाले ३ दिन वा तिन जनाले १ दिन अनिवार्य रुपमा श्रम गर्ने करारनामा गराउने ।

६. राहत वितरण गर्दा नागरिकताको प्रतिलिपीका कारणले राहत वितरणको कार्य नरोक्ने । नागरिकता नम्बर, चालक अनुमति पत्र, बाह्य जिल्लाका वेखर्ची विद्यार्थीको हकमा परिचय पत्र वा पुस्तकालय कार्ड, भाडामा बस्ने वेखर्चीको हकमा घरधनीको नाम र मोवाईल नम्बर तथा राहत लिने व्यक्तिको मोवाईल नम्बर मात्र उल्लेख गरी राहत तिवरण गर्ने ।

७. यातायातक्षेत्रमा काम गर्ने यातायात मजदुर् तथा श्रमिकहरुलाई निजहरुको लाईसेन्स वा गाडिको परिचयपत्र वा गाडीमालिकको नाम र मोवाईल नम्बर तथा राहत लिने व्यक्तिको मोवाईल नम्बर मात्र उल्लेख गरी राहत तिवरणको व्यवस्था गर्ने ।

नोट :

१.अपवादमा रहेका परिवार र जनसंख्यालाई राहत वितरण गर्नुपर्ने भएमा "**कोहलपुर कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि,** २०७७" को **दफा "८"को उपदफा** (१) अनुसार वडा स्तरिय कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिबाट अनुमोदन गरी राहत वितरण गर्ने अधिकार सो समितिलाई प्रदान गर्ने ।

वीरेन्द्रदेव भारती
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

निर्णय नं. २

प्रस्ताव नं.०२ मा छलफल गर्दा यस नगरपालिकाको पाँचौं नगरसभाबाट चालु आ.व.मा "**नगर प्रमुख युवा कृषि कार्यक्रमका**"लागि विनियोजित रकम रु.५०,००,०००।-(अक्षेरुपी पचास लाख) हाल नेपाल लगायत विश्वभरी महामारीको रुपमा फैलिएको **कोरोना भाइरस (कोभिड-१९) संक्रमणको** संभावित जोखिम रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको पहिलो, दोस्रो र तेस्रो चरणको लकडाउनका कारणले संचालन हुन नसक्ने भएकाले सो रकम कृषि तथा पशुपालनको उत्पादन बढाउने र भविष्यमा पर्ने खाधान्न, फलपुल, तरकारी, दुध, मासु आदिको अभाव कमी गर्न र रोजगारी सृजना गर्नतपसिल वमोजिमको कार्यक्रमका लागि रकमान्तरण गरी आवश्यक कार्य गर्ने निर्णय गरियो ।

तपसिल :

| | | |
|---|---|---|
| १. किसानलाई धानको विउ सहयोग | रु. १४,००,०००।- (अक्षेरुपी चौध लाख ) | -७५ प्रतिशत अनुदान |
| २.किसानलाई मकैको विउ सहयोग | रु. ५,००,०००।- (अक्षेरुपी पाँचलाख ) | -७५ प्रतिशत अनुदान |
| ३. वर्षे तरकारीको विउविजन सहयोग | रु. ८,००,०००।- (अक्षेरुपी आठलाख ) | - शत प्रतिशत अनुदान |
| ४. कृषि औजार तथा बिषादी सहयोग | रु.४५०,०००।- (अक्षेरुपी चारलाख पचास हजार) | -शत प्रतिशत अनुदान |
| ५. फलफुलको विरुवा सहयोग | रु.५,००,०००।- (अक्षेरुपी पाँचलाख) | -शत प्रतिशत अनुदान |
| ६. घाँसको विउ तथा वेर्ना वितरण | रु.८,५०,०००।- (अक्षेरुपी आठलाख पचास हजार ) | -शत प्रतिशत अनुदान |
| फिड सप्लिमेन्ट/ औषधी वितरण | रु.५००,०००।- (अक्षेरुपी पाँचलाख) | -शत प्रतिशत अनुदान |

निर्णय नं. ०३

प्रस्ताव नं.०४ मा छलफल गर्दा नगरपालिका क्षेत्रमा जमिन बाँझो राख्ने प्रचलन अधिक रहेकोले त्यस्ता बाँझो जमिन सम्बन्धित जमिनका मालिक आफै वा अन्य कुनै परिवार तथा व्यक्तिलाई अधिया वट्टैया वा भाडामा उपलब्ध गराउनका लागि वार्ड कार्यालयवाट १५ दिनको सार्वजनिक सुचना प्रकाशन गर्ने र उक्त अवधिमा समेत सम्बन्धित जमिन मालिकले सो कार्य नगरेमा त्यस्ता जमिन भएका सम्बन्धित वडा कार्यालयलाई सो जमिनमा कृषिकार्य गर्नका लागि ईच्छुक विपन्न परिवारलाई उपलब्ध गर्ने गराउने अधिकार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०४

प्रस्ताव नं.०४ मा छलफल गर्दा नगरपालिकाले भौतिक पुर्वाधारतर्फका विभिन्न मितिमा वोल कवोल ठेक्का प्रणालीवाट र उपभोक्ता समितिबाट सम्झौता गरी कार्यान्वयनको वीच चरणमा रहेका नगरस्तरिय गौरवका योजना र वडा स्तरिय योजनाहरुलाई **कोरोना भाइरस (कोभिड-१९) संक्रमणको** संभावित जोखिम रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा नगरपालिकाले तोकेको उचित प्रवन्ध सम्बन्धित ठेकेदार र उपभोक्ता समितिले अवलम्बन गर्ने गरी कार्यान्वयनमा लैजान आवश्यक सहजिकरण गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०५

प्रस्ताव नं.०५ मा छलफल गर्दा **कोरोना भाइरस (कोभिड-१९) संक्रमणको** संभावित जोखिम रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको पहिलो, दोस्रो र तेस्रो चरणको लकडाउनका कारणले दैनिक जिवन निर्वाह गर्न समस्यामा परेका मजदुर, श्रमिक, विपन्न वर्ग, विधार्थी लगायत नेपाल सरकारले निर्धारण गरेका नागरिकहरुको लागि वडागत रुपमा प्राप्त हुने घरधुरी र जनसंख्यालाई "**कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा उपचार कोष सञ्चालन सम्बन्धी कार्यविधि,२०७७**" मा उल्लेख भए वमोजिम १५ (पन्ध्र) दिनका लागि तपसिल वमोजिमको सामग्री राहत वितरण गर्न सम्बन्धित वडा कार्यालयहरुलाई पेश्कि रकम निकासा दिने निर्णय गरियो

तपसिल :

१. चामल ५ के.जी. प्रति सदस्य
२. दाल ५०० ग्राम प्रति सदस्य
३ तेल ५०० मिलिलिटर (आधा लिटर) प्रति सदस्य
४. नुन १ पोका प्रति परिवार